*'समृद्ध तेह्रथुमका लागि अभियान' द्वारा सन्चालित*

दर्ता नं. ४ ३१-०६८/०६९

# उत्तरदायी व्यवसाय

रेडियो तेह्रथुम ९२.४ मेगाहर्ज

म्याङ्लुङ नगरपालिका-१, तेह्रथुम

**उत्तरदायी व्यवसाय** २०७४ माघ १५ गते सोमबार (जनवरी २९, २०१८) वर्ष : १ अंक : ५



## सम्पादकीय

'हामीहरु स्वयम् हाम्रो भाग्य निर्माता हुन सक्छौं' भन्ने सोचका साथ २०६८ सालमा "संमृद्ध तेह्रथुमकालागि अभियान" नामक संस्था स्थापना गरिएको हो । संस्थाले लिएका उदेश्य अनुरुपका गतिविधि अघि बढाउन रेडियो तेह्रथुम, ९२.४ मेगाहर्ज सन्चालनमा रहेको छ ।

हाल संस्थाले उत्तरदायी व्यवसाय बनाउनका लागि कृषक तथा सर्वसाधारण जनताहरुलाई **प्रमाणमा आधारित पैरवी तथा वहस**को माध्यमवाट नेपाल सरकारलाई नीतिगत रुपमा सुधार गराउने लक्ष्य राखी यो उत्तरदायी व्यवसाय बुलेटीन प्रकाशन गर्न लागिएको छ । उत्तरदायी व्यवसायका लागि वहस र पैरवीको कार्यलाई रेडियोको माध्यमवाट संचार गराउन Advocacy for Rights and Good Corporate Governance (UNNATI-Includive Growth programme in Nepal) परियोजना डेनमार्क सरकारको आर्थिक सहयोग तथा नेपाल सरकार कृषि विकास मन्त्रालयसँगको सहकार्यमा अन्तराष्ट्रिय श्रम संगठन, नेपाल (ILO Nepal) को सहयोगमा (http://advocacychallengefund.org/) संचालनमा रहेको छ ।

यो परीयोजना नेपालका पुर्वी जिल्लाहरु तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ, धनकुटा, संखुवासभा र भोजपुरमा सञ्चालित छ । यी जिल्लाहरुमाकृषि क्षेत्रका अदुवा, अलैंची, चिया र दुग्धजन्य उत्पादनको क्षेत्रमा प्रमाणमा आधारीत पैरवी तथा वहस कार्यक्रम संचालन भइरहेको छ । यसै सन्दर्भमा १५ जुन, २०१७ देखि संमृद्ध तेह्रथुमका लागि अभियानद्वारा संचालित रेडियो तेह्रथुम ९२.४ मेघाहर्जबाट विश्वासनीय र भरपर्दो तरीकाले उच्च स्तरको जानकारीका माध्यमवाट सार्वजनिक सचेतना उपलव्ध गराउने (Achievement of high level of public awareness through credible and reliable information dissemination) शीर्षकको परियोजनाको कार्यक्रम संचालन भइरहेको छ । ती जिल्लामा अदुवा, अलैंची, चिया र दुग्धजन्य उत्पादन को प्रशस्त अवसर र सम्भावना भएकाले परियोजनाले उत्तरदायी व्यवसायकोलागि काम गराएर अभ्यासमा लैजाने र प्रत्येक कृषक, मजदुर, व्यापारी तथा सर्वसाधारण जनताको पहुँचमा प्रचार प्रशार गर्ने गरी स्थानीय रेडियोको माध्यमवाट समुदायस्तरमा पुग्ने कार्य भएको छ ।

'रेडियो कार्यक्रम मजदुर सरोकार, स्वास्थ्य तथा सुरक्षा प्रबन्धको सञ्चार'



सडकमा काम गर्ने मजदुर विराज रसाइली ।

## निकासी नहुँदा करोडौंको अदुवा थन्कियो

प्रदेश नं. १ को पहाडी जिल्ला तेह्रथुममा उत्पादित अदुवा निकासी नभएर त्यतिकै थन्किएको छ । निकासी ठप्प भएपछि यहाँका व्यापारीले संकलन गरेको अदुवा गोदाममा र किसानको बारीमै थन्किएको हो । विर्तामोडबाट भारततर्फ निकासी हुने अदुवा केही दिन यता निकासी हुन छाडेपछि जिल्लाका गाउँ-गाउँबाट संकलन भएको अदुवा व्यापारीहरुले अटेसम्म गोदाममा र नअटेको सडक पेटीमै थन्काएका छन् । निकासी हुन बाँकी रहेको करोडौं रुपैयाँको अदुवा सदरमुकामको म्याङलुङ बसपार्क नजिकै सडकमै राखिएको छ । निकासी ठप्प भएपछि जिल्लाबाट समेत अदुवा लिएर जान नपाएको व्यापारी अमृत निङ्लेकुले बताए । उनले भने, 'भन्सारमा अदुवा छिराउन पाइएकै छैन, त्यसैले यहाँ हामीले संकलन गरेको अदुवा त्यतिकै थन्किएको हो ।,' भएका गोदाम भरिएर बाँकी रहेको अदुवा सडकमै थुपारेर राख्नुपरेको उनले बताए ।

व्यापारी निङ्लेकुले सिंहवाहिनी अलैंची, अदुवा तथा जडीबुटी संकलन केन्द्रबाट समेत अदुवा, अलैंचीको संकलन गरी कारोबार गर्छन् । साता यता मात्र अदुवा निकासी ठप्प हुँदा जिल्लामा करोडौंको अदुवा त्यतिकै थन्किएर बसेको बताए । 'अदुवा निकासी रोकिएपछि कारोबार ठप्प छ, हामीले गाउँबाट समेत माल उठाउन पाएका छैनौं,' उनले भने । किसानले व्यापारीले लैजाने भनेपछि खनेर तयार पारेका अदुवा बोरा गाउँ-गाउँमा पुगेका कृषि सडकका डिलमा त्यतिकै लडिरहेका छन् । खनेपछि अदुवा बिग्रिने भएकाले किसानलाई चिन्ताले सताउन थालेको छ भने व्यापारी पनि लगानी डुब्ने त्रासमा छन् ।

अदुवा निकासी ठप्प भएपछि नआउने हुन् कि भन्ने चिन्ताले सताएको म्याङलुङ नगरपालिका-८, आम्बुङकी कोमलमाया लिम्बुले बताए । 'अदुवा खनेर रोडमा निकालियौं, तर उता जानै छाड्यो रे, त्यसैले व्यापारीले लगेका छैनन्,' उनी भन्छन्, 'अदुवा राख्दा-राख्दै बिग्रिने हो कि भन्ने चिन्ता छ ।' अदुवा भण्डारणका लागि उपयुक्त स्थान नहुँदा किसानबाट किनेको अदुवा सडक पेटीमा राख्नु परेको व्यापारी दुर्गा भण्डारीले बताए । 'अदुवा निकासी ठप्प छ, अहिले यताबाट लगेको अदुवा कसैले लिदैनं,' उनी भन्छन्, 'निकासी ठप्प भएपछि गाउँमा लोड भएका गाडी यहाँ ल्याएर खाली गर्नुपर्छ,' गाउँमा अदुवा चोर्‍यो भने सन्तान (बाँकी अन्तिम पेजमा)

परियोजनाले **प्रमाणमा आधारित पैरवी तथा वहस** (Evidence Based lobby & advocacy) **कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा** (Occupational Safety and health-OHS), **जिम्वेवार व्यवसाय अभ्यास** (Responsible Business Practice), **श्रम सम्बन्धि बहुराष्ट्रिय घोषणा** (Multinational Enterprise Development-MNE), **संयुक्त राष्ट्रसंघको विश्व सन्निकटताको सिद्धान्त** (UN Global Compact Agenda), संग सम्बन्धित विषयको वारेमा रेडियो कार्यक्रम **'उन्नति सम्वाद'**को माध्यमवाट नीतिगत विषयमा सम्बन्धित सरोकारवालालाई जवाफदेही वनाउने काम गरिरहेको छ । यस्तै गरेर रेडियो कार्यकम **'मजदुर सरोकार'** मार्फत कृषक तथा श्रमिकको आवाज, कृषि श्रेत्रको वर्तमान अवस्था सवाल तथा समस्याहरु र यी क्षेत्रमा भएका अवसरको बारेमा उजागर गराउने कार्य गरिरहेको छ । जुन विषयहरुमा उत्तरदायी व्यवसायको लागि प्रत्येक कृषक तथा सर्वसाधारणको पँहुच भएको र घर-घरमा सञ्चार पुग्ने साधन रेडियो भएकाले प्रत्येकले रेडियो सुन्न र बुझ्न सक्छन् ।

यसरी संचालन गरिएका कार्यक्रमले समेटेका कृषि क्षेत्रमा काम गर्ने कृषक लगायत सवै क्षेत्रका मजदुर श्रमिक व्यपारी तथा रोजगार दाताहरु समेतलाई श्रम सिद्धान्त तथा उत्तरदायी व्यवसायको विषयमा विषयमा जानकार वनाई समावेशी आर्थिक विकासमा सहयोग पुयाउने र 'उत्तरदायी व्यवसाय' नामक साप्ताहिक बुलेटिन प्रस्तुत गरेका छौं । यस अंकमा अलैची विषेश सामाग्री प्रकासित गरेका छौं ।

### परियोजनाको लक्ष्य

कृषि क्षेत्रमा विश्वासनीय र भरपर्दो तरीकाले सार्वजनिक सुचनाको माध्यमद्वारा उच्च स्तरको उत्तरदायी व्यवसाय गराउन सचेतना फैलाइ आर्थिक शुसासन गराउ सहयोग पुऱ्याउने ।

### परियोजनाको उदेश्यहरु

खेती तथा कृषि उत्पादनका क्षेत्रमा प्रयोग भएका रासायानीक मल तथा किटनासक विषादिको माध्यमद्वारा उत्पादन भएको अन्नले मानव स्वस्थ्यमा भएको असरलाइ कम गराउन आर्गानीक उत्पादनमा जोड दिन अदुवा अलैची चिया तथा दुधजन्य उत्पादनमा पैरवी गर्ने ।
खेती तथा कृषि उत्पादनका क्षेत्रमा प्रयोग प्रयोग भएका मानव श्रममा भएको असमान ज्याला दरमा समानता स्रिजना गराउने , लैगिंक असमानतालाइ समानता गराउने श्रममा बालवालिकाको अधिकार तथा वाल श्रमको अन्य गराउने र श्रमिक तथा मजदुरको मानव स्वास्थ्य तथा सुरक्षाका विषयमा भएको संयुक्त राष्ट्संघिय सन्नीकटताका सिद्धान्तहरु र वहुराष्ट्रिय कम्पनीको र अन्तराष्ट्रिय श्रम संगठनको विचमा भएका सम्झौताका विषयहरु सरकारी नीति नियमहरु किसानहरु उपभोक्ताहरु व्यापारी उद्यमीहरु र सम्बन्धित सरोकारवालाहरुलाई सजग गराइ उत्तरदायी वनाउने । यी क्षेत्रमा भएका नीतिगत तथा अन्य समस्या, वाधा वा अवरोधहरु र अवसरहरु पत्ता लगाई सोको विषयमा स्थानीय स्तरवाट वकालत गरी जिल्ला र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तर सम्म वकालत तथा पैरावी गराउने । यी सवै विषयमा मामला अध्ययन गरी रेडियो कार्यकमवाट सम्बन्धित विषयमा वहस तथा पैरवी गराइ माथि उल्लेखित उद्देश्य पुरा गर्न मद्दत गर्ने ।

# राष्ट्रसंघीय विश्वव्यापी सन्निकटताका दश सिद्धान्त

## सिद्धान्त १-२ : मानव अधिकार सिद्धान्तहरु

**सिद्धान्त-१** : अन्तराष्ट्रिय रुपमा घोषणा गरिएका मानव अधिकारहरुलाई प्रतिष्ठानहरुले सम्मान र संरक्षण गर्नु पर्छ ।

**सिद्धान्त-२** : प्रतिष्ठानहरु आफु मानव अधिकार दुरुपयोगमा संलग्न नरहेको सुनिश्चिता गर्नुपर्छ ।

## सिद्धान्त ३-६ : श्रम सिद्धान्तहरु

**सिद्धान्त-३** : संगठित हुन पाउने अधिकार र प्रभावकारी सामुहिक सौदाबाजीको अधिकारलाई प्रतिष्ठानहरुले समर्थन गर्नुपर्छ ।

**सिद्धान्त-४** : प्रतिष्ठानहरुले बाध्यकारी र अनिवार्य श्रम निर्मूल गर्नुपर्छ ।

**सिद्धान्त-५** : प्रतिष्ठानहरुले बाल श्रम प्रभावकारीरुपमा निर्मूल गर्नुपर्छ ।

**सिद्धान्त-६** : प्रतिष्ठानहरुले रोजगार र पेशामा हुने भेदभाव निर्मूल गर्नुपर्छ ।

## सिद्धान्त ७-९ : वातावरण सिद्धान्तहरु

**सिद्धान्त-७** : प्रतिष्ठानहरुले वातावरणमा आइपर्ने चुनौती ख्याल गर्दै पुर्वसावधानीमा सहयोग गर्नुपर्छ ।

**सिद्धान्त-८** : प्रतिष्ठानहरुले बृहत्तर वातावरणीय सरोकारका लागि पहलहरु लिनुपर्छ ।

**सिद्धान्त-९** : प्रतिष्ठानहरुले वातावरणमैत्री प्रविधि विकास र विस्तारमा जोड दिनुपर्छ ।

## सिद्धान्त १० : भ्रष्टाचार विरोधी सिद्धान्त

**सिद्धान्त-१०** : प्रतिष्ठानहरुले जबर्जस्ती चन्दा असुली र घुसलगायत सबैखाले भ्रष्टाचार विरुद्ध कार्य गर्नुपर्छ ।

***अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा***

## *संमृद्ध तेह्रथुमका लागि अभियान, तेह्रथुम*

### *कार्यक्षेत्रमा काम गर्दा-गर्दै वा हतारमा घटना भएमा ध्यान दिनुपर्ने कुराहरु*

काटेको घाउमा धूलो, अविर, गोवर, पिसाब, झार पातका रस जस्ता वस्तुहरू कदापी लगाउँनु हुदैन । घाँउ बाँध्ने वा पट्टी लगाउने काममा कहिल्यै पनि फोहोर कपडाको प्रयोग गर्नुहुदैन । फोहोर कपडा लगायत यी चीजमा हुन सक्ने रोगजन्य जिबाणुहरू तथा विशालु रसायनहरूले गर्दा झन नराम्रो हुन सक्छ । पट्टीलाई बेसी कसेर बाँध्न हुदैन । यसले शरीरमा हुने रगतको प्रवाहलाई रोकी अन्य अङ्गलाई समेत हानि पुऱ्याउँन सक्दछ ।

***अन्तराष्ट्रिय श्रम संगठन र समृद्ध तेह्रथुमका लागि अभियानको सहकार्य***

*'अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ) र समृद्ध तेह्रथुमका लागि अभियानको सहकार्यमा रेडियो तेह्रथुमको कार्यक्रम, कृषिजन्य उत्पादनका समस्या र तिनको समाधानका लागि हाम्रो संयुक्त अभियान'*

## *रेडियो कार्यक्रम : 'उन्नति संवाद'*

*हरेक हप्ताको विहीबार साँझ ७ :०० बजेदेखि र पुन: प्रशारण हरेक शनिबार विहान ८ :३० बजे ।*

**रेडियो तेह्रथुम ९२.४ मेगाहर्ज**

"संबृद्ध तेह्रथुमका लागि अभियान"

# रेडियो कार्यक्रम ‘उन्नति संवाद’ मा व्यक्त भएका प्रतिवद्धताहरु

डेनमार्क सरकारको आर्थिक सहयोग तथा नेपाल सरकार, कृषि विकास मन्त्रालयसँगको सहकार्यमा अन्तराष्ट्रिय श्रम संगठन, नेपालको सहकार्यमा संमृद्ध तेह्रथुमका लागि अभियानद्धारा संचालित रेडियो तेह्रथुम ९२.४ मेघाहर्जबाट **प्रमाणमा आधारित पैरवी तथा वहस** (Evidence Based lobby & advocacy) **कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा** (Occupational Safety and health-OHS), **जिम्बेवार व्यवसाय अभ्यास** (Responsible Business Practice), **श्रम सम्बन्धी बहुराष्ट्रिय घोषणा** (Multinational Enterprise Development-MNE), **संयुक्त राष्ट्रसंघको विश्व सन्निकटताको सिद्धान्त** (UN Global Compact Agenda), अनुसार सो विषयमा रेडियो कार्यक्रम ‘उन्नति सम्वाद’ २०७४ साल कार्तिक ९ गते तदनुसार २६ अक्टुवर २०१७ बाट प्रत्येक हप्ताको विहीवार साँझ ७ वजे देखि ७.३० वजेसम्म र यसको पुन: प्रशारण सनिवार विहान ८.३० वजेवाट ९ वजे सम्म हुने गर्दछ । यो कार्यक्रममा कृषि क्षेत्रमा अदुवा, अलैंची, चिया र दुग्धजन्य उत्पादनको विषयमा भएको विध्यमान अवस्था यसको समस्या, सवाल, र सफलताको विषयमा सम्वन्धित सरोकारवालाहरुसंग यस क्षेत्रमा भएको अभ्यासको विषयमा कुराकानी गरिन्छ । यसरी संचालन गरिएका कार्यक्रमले कृषि क्षेत्रमा काम गर्ने कृषक लगायत सवै क्षेत्रका मजदुर श्रमिक व्यपारी तथा रोजगारदाताहरु समेतलाई यी विषयमा जानकारी गराउने उदेश्य लिइएको छ । कार्यक्रम *‘उन्नति संवाद’* मा *प्रस्तोता महेन्द्रप्रसाद काफ्ले* ले गरेको कुराकानीका केही अंशहरु यहाँ प्रस्तुत गरिएका छन् ।



## *उन्नति संवाद, भाग-१*

उन्नती संवाद कार्यक्रममा मलाई मजदुर भनेको उद्योग कलकारखाना, होटल, निर्माण र यातायातको क्षेत्रमा काम गर्ने मात्र हुन् भन्ने वुझाइ थियो र तिनीहरुलाई मात्र युनीयनको सदस्य वनाएका थियौं । तर आजवाट कृषि मजदुरहरुलाई पनि संगै लिएर जान सकिने रहेछ भन्ने वुझाइ भयो, तुरुन्त कृषि मजदुरलाई पनि हाम्रा सदस्य वनाउने छौ । भन्ने प्रतिवद्धता **नेपाल ट्रेडयुनियन कांग्रेस तेह्रथुमका अध्यक्ष गगन सुव्वाले व्याक्त गरे । यस्तै नेपाल ट्रेडयुनियन महासंघ (जिफन्ट) तेह्रथुमका अध्यक्ष शरद दाहाले** तेह्रथुम जिल्लामा समान कामका लागी कही काँही असमान ज्याला कायमै रहेको स्वीकार गर्दे आगामी दिनमा यसलाइ घटाउन कार्य योजना वनाएर युनियन लाग्ने प्रतिवद्धता जाहेर गरे । श्रम ऐनका वारेमा दुवै युनीयनले कम अभ्यास गरेको र श्रमिक तथा मजदुरलाइ ऐनको वारेमा खासै जानकारी नभएको स्वीकार गर्दै जिल्लामा कृषि कृषि क्षेत्रमा वालश्रम कुनैन कुनै रुपमा कायमै रहेकोले वाल श्रम मुक्त जिल्ला वनाउने प्रतिवद्धता समेत दुवै प्रतिनीधिले व्याक्त गरेका थिए ।

## *उन्नति संवाद, भाग-२*

जिल्लामा रहेका कृषकहरुको मुलत दुध जन्य व्यवसाय गर्दा समन्वय र सम्पर्कको कार्यालय जिल्ला पशु शेवा कार्यालायले गर्ने भएकाले जिल्ला पशु सेवा कार्यालयको प्रमुखको हौसीयतले कृषकले दुध उत्पादन गर्ने मात्र कुरामा ध्यान गएको थियो । दुध उत्पादन गर्दा तथा दुग्ध जन्य व्यवसाय गरी परीकार समेत तयार गर्दा उत्पादनलाई गुण स्तरीय वनाउन सरसफाइ आवस्यक रहेकाले गोठ देखी मानवको ओठसम्म आइपुग्दा सम्मको सुरक्षा र सफाइको वारेमा कार्यक्रम वनाइ कृषक स्तरमा सचेतना गराउने प्रतिवद्धता **वरिष्ठ पशु विकास अधिकृत डा . शिवजी प्रसाद दासले गरे ।** हाल विद्यमान दुग्धको नाप गर्ने प्रविधि मात्र एस एन एफ र फ्याटको आधारमा दुध विक्री हुदै आएकोमा अव दुधमा रहेका जिवाणुको पनि परिक्षण गरी किसानले दुध उत्पादन र विकी गर्दा सरसफाइ भएको दध वेच्न् उनले आग्रह गरे

## *उन्नति संवाद, भाग-५*

अहिलेको अवस्थामा जिल्ला कृषिविकास कार्यालयमा आउने वजेट जिल्लाको ६ वटै स्थानीय तहमा गै सकेको अवस्था छ । केही स्थानीय तहले परिषद समेत गरि सकेको अवस्था छ । कृषि भनेको महत्वपुर्ण विषय हो, यसलाइ अवमुल्यन गर्नु हुदैन । यसमा सही तरिकाले वजेट विनियोजन गर्नु पर्दछ । जिल्ला कृषि विकास कार्यालयको पनि केही लक्ष्यहरु थिए । त्यसैले कतिपय कार्यक्रम हरुलाई निरन्तरता दिन कतिपय कार्यक्रमहरुलाई संशोधन मार्फत लैजाने कोषिस गर्ने छौ । सवै तिर एकै खाले आवस्यकता हुदैन कही अलैचीको होला, कही अदुवा त कतै चिया आदिको विकास गर्न जरुरी छ । जिल्ला विकास कार्यालय सधै तपाइहरुको साथ र सहयोग गर्न तत्पर छ भन्ने प्रतिवद्धता जिल्ला कृषि विकास कार्यालय तेह्रथुमका वरिष्ठ कृषि विकास अधिकृत **रोहिणीराज घिमिरे**ले भन्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।



## निकासी नहुँदा..........

प्राप्ति नहुने किंवदन्ती छ, त्यसैले अदुवा कसैले चोर्दैनँ,' उनले भने, 'तर बजारमा चाँहि दैनिक ५ केजी बढी अदुवा हराउँछ ।' बसपार्क नजिकै थुपारिएको करोडौंको अदुवाबाट दैनिक ५-७ केजी बढी अदुवा नास भएर गइरहेको व्यापारीहरुले बताए । बारीमा खनेर निकालेपछि धेरै दिन राख्दै जाँदा अदुवाको तौल पनि घट्ने गरेको छ । खनेर बोरामा थन्काएको अदुवाको तौल घट्ने र कम मात्रै आम्दानी हुने किसानलाई चिन्ता छ । व्यापारी पनि किसानबाट किनेको अदुवा किनेको भन्दा धेरै तौल कम भइदिएला कि ? भन्ने पीरमा छन् । यसरी धेरै समय खुला ठाउँमा भण्डारण गरेर राख्नपर्दा १० प्रतिशत तौल कम हुने व्यापारी बताउँछन् । 'अदुवा भण्डारणका लागि कोल्ड स्टोर चाहिन्छ, तर हामी कहाँ त्यस्तो सुविधा छैन,' व्यापारी भण्डारीले भने, 'त्यसैले किनेर दुई दिन मात्रै खुला ठाउँमा राखेपनि १० प्रतिशत बढी घाटा हामीले बेहोर्नुपर्छ ।' अदुवा समयमै बिक्री गर्न नसके त्यही उम्रिने समेत उनले बताए । जिल्लाका बजारहरुमा अहिले अदुवा प्रति केजी १८ देखि २० रुपैयाँका दरले कारोबार भइरहेको छ । विगत भन्दा खेतीको क्षेत्रफल र उत्पादन झण्डै दोब्बरले बढेपनि मुल्य नबढेपछि किसान अदुवा खेतीप्रति निराश छन् । वर्षेनि अदुवाको मुल्य र बजारमा समस्या देखिन थालेपछि किसानहरु यसप्रति निराश बन्दै गएका आठराई गाउँपालिका-५, छातेढुंगाको भित्रिया अदवा उत्पादक कृषक समुहका अध्यक्ष सोमनाथ आचार्यले बताए । किसानले अदुवा खेतीको विकल्प समेत खोज्न थालेका उनले बताए । गतवर्ष जिल्लामा २ सय ६० हेक्टर क्षेत्रफलमा भएको अदुवा खेतीबाट ३ हजार ९ सय ५२ मेट्रिक टन अदुवा उत्पादन भएको थियो । नेपालमा उत्पादित अदुवाको मुख्य बजार भारत हो । अदुवा किसानका मागलाई सरकारले सम्बोधन गर्न नचाहेका कारण यसको खेतीप्रति किसान निराश हुनु परेको अदुवा व्यवसायीको भनाइ छ । अदुवा किसानमा प्राविधिक ज्ञान सीपको कमी रहेको फेदाप गाउँपालिका-३, जलजलेका किसान तुलसी कोइरालाले बताए । गतवर्ष २६० हेक्टरबाट ३९५२ मेट्रिक टन अदुवा उत्पादन भएको थियो ।

## साढे चार करोड बढीको अदुवा निर्यात

तेह्रथुम । तेह्रथुमबाट आर्थिक वर्ष २०७३/०७४ मा साढे चार करोड बढीको अदुवा जिल्लाबाहिर निर्यात भएको छ । जिल्ला कृषि विकास कार्यालयको तथ्यांक अनुसार सो वर्ष ४ करोड ७० लाख रुपैयाँ बढीको अदुवा जिल्लाबाहिर निर्यात भएको हो । एक वर्षको अवधिमा २ हजार ७ सय ६६ मेट्रिक टन अदुवा निर्यात भएको छ । यसवर्ष २ सय ६० हेक्टर जमीनमा भएको अदुवा खेतीबाट ३ हजार ९ सय ५२ मेट्रिक टन अदुवा उत्पादन भएको थियो । जुन गतवर्ष भन्दा ६ सय ६६ मेट्रिक टनले बढी पनि हो । अघिल्लो वर्ष ३ हजार २ सय ८६ मेट्रिक टन उत्पादन भएको थियो ।




बाल श्रमको अन्त्य गरौं । बाल अधिकार संरक्षण गरौं । श्रम ऐन, २०७४ ले बाल श्रमलाई पुर्ण रुपमा निषेध गरेको छ ।

*अध्यक्ष/संरक्षक*
*महेन्द्रप्रसाद काफ्ले*

*सम्पादक*
*लक्ष्मीनारायण मिश्र*

*कम्प्युटर*
*प्रकाश धौलाकोटी*

सल्लाह सुझाव र प्रतिक्रियाका लागि इमेल : samridhattm@gmail.com, radioterhathum@gmail.com, lmishra745@gmail.com, Website : www.radioterhathum.com.np